# शिलबन्दी बोलपत्र मार्फत जग्गाहरु बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०८ गते

यस वित्तीय संस्थाको नाममा दर्ता कायम रहेको तपसीलमा उल्लेखित पिच बाटो तथा विजुली बत्तिको व्यवस्था भएको प्लानिङका आवासिय जग्गाहरु जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छन, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सम्पूर्ण ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई निम्न लिखित शर्तहरुको अधीनमा रही पुन: दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा छिमेक लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय तथा शाखा कार्यालय, भरतपुरमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यही सूचनाद्वारा आव्हान गरिन्छ ।

**तपसील**

**बिक्री गरिने जग्गाहरुको विवरण:**

| सि.नं | जिल्ला | गा.वि.स./न.पा | वार्ड नं. | कित्ता नं | क्षेत्रफल (विघा) | मोहडा (हातमा) |
|---|---|---|---|---|---|---|
| १ | चितवन | पिठुवा | ५ क | १००३ | ०-१-६-० | ३७.५ र १७.५ हात मोहडाका २ वटा घडेरी |
| २ | चितवन | पिठुवा | ५ क | ११३१ | ०-०-१०-० | २० हात |
| ३ | चितवन | पिठुवा | ५ क | ११३३ | ०-०-१०-० | २० हात |
| ४ | चितवन | पिठुवा | ५ क | १२८३ | ०-०-१०-० | २० हात |
| ५ | चितवन | पिठुवा | ५ क | १२९४ | ०-०-१०-० | २० हात |
| ६ | चितवन | पिठुवा | ५ क | १३०६ | ०-०-१७-० | २० हात |
| ७ | चितवन | पिठुवा | ५ क | १३०४ | ०-०-८.७५-० | २० हात |
| ८ | चितवन | पिठुवा | ५ क | १२२९ | ०-०-१०-० | २० हात |
| ९ | चितवन | पिठुवा | ५ क | १२६५ | ०-२-१०-० | २० हात मोहडाका ५ वटा घडेरी |
| | | | | **जम्मा** | **०-७-११.७५-०** | |

**शर्तहरु:**

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय, मध्यबानेश्वर, काठमाण्डौका साथै वित्तीय संस्थाको शाखा कार्यालय, भरतपुरबाट रु.१००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराममा माथि उल्लेखित सम्पुर्ण वा आंशिक जग्गा लिनका लागि आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । तर कुनै कित्ता भित्रको जग्गा भने पुरै लिनका लागि आवेदन दिनुपर्नेछ ।

३. कुनै कित्ताको जग्गामा एक भन्दा बढि संख्यामा बोलपत्र पेश हुन आएमा बढि रकम कबोल गर्ने बोलपत्रलाई पहिलो प्राथमिकता दिईनेछ ।

४. बोलपत्रसाथ आफूले कवोल गरेको अंकको कम्तिमा १० प्रतिशत रकम रकम यस वित्तीय संस्थाको प्रभु बैंक लिमिटेड, नयाँ बानेश्वरमा रहेको खाता नं. **0780076576700031** मा जम्मा गरेको नगदै जम्मा गरेको भौचर वा यस वित्तीय संस्थाको नाममा खिचिएको **Good For Payment** चेक/बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

५. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७८/७९ को कर चुक्ता प्रमाण पत्र सहित पेश गर्नुपर्नेछ ।

६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तल उल्लेखित स्थान र समयमा खोलिनेछ, बोलपत्रदाता वा निजका प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. माथि उल्लेखित जग्गाहरु निरीक्षण गर्न चाहेमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, प्रशासन तथा कानून विभागमा सम्पर्क राखि शाखा कार्यालय, भरतपुर मार्फत निरीक्षण गर्न सकिनेछ ।

८. बोलपत्र स्वीकृत भई वित्तीय संस्थाद्वारा प्रदान गरिने समयभित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई जग्गा आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ, सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ ।

९. स्वीकृत भएको बोलपत्र अनुसारको जग्गा बोलपत्रदाताको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता हुने छैन । साथै, धरौटी राखिएको रकममा व्याज प्रदान गरिने छैन ।

११. कुनै शर्त राखी पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा कारण जनाई र नजनाई अस्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा नै सुरक्षित रहने छ ।

१३. अन्य शर्तहरु वित्तीय संस्थाको नीति नियम तथा प्रचलित कानून अनुसार लागु हुनेछ ।

१४. शिलबन्दी बोलपत्र पेश गर्ने, खोल्ने मिति, समय र स्थान :

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८० भाद्र १२ गते मंगलबार, समय ४:०० बजेसम्म ।

**शिलबन्दी बोलपत्र खोलिने मिति**: २०८० भाद्र १३ गते बुधबार, समय दिनको ४:०० बजे ।

**शिलबन्दी बोलपत्र खोलिने स्थान**: छिमेक लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, काठमाण्डौ ।


**छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड**

**CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

Central Office : Mid Baneshor, Kathmandu Tel No. 0977-01- 4490513, 4464852, Fax No. 4465785

E-mail:info@chhimekbank.org, Website : www.chhimekbank.org